आज मिति २०७७/०६/२५ गतेका दिन यस हरिनास गाउँपालिकाका अध्यक्ष श्री खिमनारायण मान्नधर ज्युको अध्यक्षतामा निम्नानुसारका गाउकार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक बसी तपशिलका निर्णयहरु गरियो ।

तपशिलः

| दस्तखत | पदाधिकारीको नाम थर | पद |
|---|---|---|
| | श्री खिमनारायण मान्नधर | गाउँपालिका अध्यक्ष |
| | श्री झनमाया पराजुली | गाउँपालिका उपाध्यक्ष |
| | श्री भिमवहादुर भुजेल | वडाध्यक्ष वडा नं. १ |
| | श्री पर्शुराम सिग्देल | वडाध्यक्ष वडा नं. २ |
| | श्री लेखवहादुर क्षेत्री | वडाध्यक्ष वडा नं ३ |
| | श्री चिन्तामणि शर्मा | वडाध्यक्ष वडा नं ४ |
| | श्री डन्डवहादुर राना | वडाध्यक्ष वडा नं ५ |
| | श्री नरवहादुर थापा | वडाध्यक्ष वडा नं ६ |
| | श्री केशमाया थापा | वडाध्यक्ष वडा नं ७ |
| | श्री हिममाया थापा | कार्यपालिका सदस्य |
| | श्री उजेली नेपाली दर्जि | कार्यपालिका सदस्य |
| | श्री रेखा विश्वकर्मा | कार्यपालिका सदस्य |
| | श्री धनमाया राना | कार्यपालिका सदस्य |
| | श्री महेन्द्र गोतामे | कार्यपालिका सदस्य |
| | श्री सुरज वहादुर नेपली | कार्यपालिका सदस्य |
| | श्री पर्शुराम उपाध्याय | सदस्य सचिव (प्रमुख प्रशासकीय अधिकृत) |

(खिम नारायण मानन्धर)
अध्यक्ष

| | | |
|---|---|---|
| | बिदुर सिग्देल | अधिकृत छैटौ हरिनास गाउँपालिका हरिनास स्याङ्जा |
| | लालचन गैह | सहायक पाचौ हरिनास गाउँपालिका हरिनास स्याङ्जा |
| | नोल बहादुर थापा | सहायक पाचौ हरिनास गाउँपालिका हरिनास स्याङ्जा |

निर्णय न. १

निर्णय नं १ माथि छलफल गर्दा गण्डकी प्रदेश राजपत्र मा मिति २०७७/३/२६ गते प्रकाशित सूचना नुसार पदाधिकारी तथा सदस्यलाइ अनुसुची मा उल्लेख भएको रकममा नबढने गरी विमा शुल्क बापत बिल बमोजिमको रकम भुक्तानी गरिने छ भन्ने कानूनी व्यवस्था भए बमोजिम यस गाउँपालिका भित्र रहेका जनप्रतिनिधिहरु मध्ये ३३ जनाले जीवन बिमा गरेका हुँदा अनुसुची बमोजिम प्रति एक जनप्रतिनिधिको रु १००००/- का दरले ३३ जनाको रु ३३००००/- रुपैया बिमा अभिकर्ता बालकृष्ण रानाले निवेदन पेश गरेका हुँदा निजका नाउमा उल्लेखित रकम भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. २

निर्णय नं. २ मा छलफल गर्दा गत आ.ब. मा प्रकोप व्यवस्थापन कोषमा रकम नपुग भएकोले यस गाउपालिका बाट २०७७/२/२३ मा ग.२ च ३२९५ र मिति २०७७/२/१३मा ग.२. च ६६९७ को सवारी धनी बिच सम्झौता भइ कोभीड १९ को कार्यका लागी सवारी साधन संचालन गर्ने करार सम्झौता भएनुसार आ.ब. समाप्त भएकोले चालु आ.ब. ०७७/०७८ मा पनि कोभिड १९ व्यवस्थापन भइ नसकेकोले मिति २०७७/४/१ गते देखि पुनः सम्झौता भएकोले सो कार्यलाइ अनुमोदन गरी गत आ.ब. सोही कार्यको लागी भुक्तानी दिन बाँकी रहेका सवारी धनीहरुलाइ रकम भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ३

निर्णय नं. ३ मा छलफल गर्दा बर्षाको समयमा स्थानिय व्यक्तिहरुलाइ परेको असर र सो असरका सम्बन्धमा यस पालिकामा परेका निवेदनहरु उपर कारवाइ हुँदा प्राविधिकको जाँचपास का आधारमा न्यूनतम रु ५००० र अधिकतम रु १०००० मा नबढने गरी आर्थिक सहायता प्रदान गर्ने साथै यस पालिका भित्र पूर्ण क्षति भएका घरमुलीहरुका नामावली तयार पारी जिल्ला प्रशासन कार्यालय स्याङजामा पठाउने निर्णय गरियो ।

निर्णय नं. ४

निर्णय नं. मा छलफल गर्दा शिक्षा ऐन बमोजिम पालिका स्तरिय निम्नानुसार शिक्षा समिति गठन गर्ने निर्णय गरियो ।

निम्नः

अध्यक्षः खिम नारायण मानन्धर हरिनास गाउँपालिका कार्यालय स्याङजा
सदस्यः सुशिलचन्द्र न्यौपाने प्र.अ.मातृभुमि मावि हरिनास स्याङजा
सदस्यः भवानी थापा प्र.अ. महिमा मावि हरिनास स्याङजा
सदस्यः लिलबहादुर थापा अध्यक्ष बिद्यालय व्यवस्थापन समिति मातृभुमि मावि
सदस्यः यज्ञराज खनाल समाजसेवी हरिनास ४ स्याङजा
सदस्यः छवि राना कलासिक ई.बोर्डिङ स्कुल हरिनास स्याङजा
सदस्यः केशमाया थापा सदस्य कार्यपालिका हरिनास गापा
सदस्यः उजेली नेपाली दर्जी सदस्य कार्यपालिका हरिनास गापा
सदस्य सचिवः भुपराज पाण्डे अधिकृत छैटौ हरिनास गाउपालिका कार्यालय

खिम नारायण मानन्धर
अध्यक्ष

निर्णय नं. ४

निर्णय नं.  मा छलफल गर्दा हरिनास गापा वार्ड नं. ४ बस्ने  छव वहादुर बिक को मगि निवेदन अनुसार  आगोले पोली उपचार गर्नु गर्ने भएको र निजको घरको आर्थिक अवस्था कमजोर हुँदा रु १००००/- दश हजार रुपैया आर्थिक सहयोग गर्ने निर्णय गरियो ।